आज मिति २०८१ साल मंसिर १३ गते विहिवारका दिनको ३:०० बजे यस मनराशिसवा नगरपालिकाको नगर प्रमुख श्री मोहन पाण्डेय ज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थिति भई नगर कार्यपालिकाको बैठक बस्यो।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मोहन पाण्डेय | अध्यक्ष (नगर प्रमुख) | |
| २. | श्री शकुन्तला देवी | सदस्य (नगर उप-प्रमुख) | |
| ३. | श्री गोविन्द चौरसिया | सदस्य (वडा अध्यक्ष वडा नं. १) | |
| ४. | श्री नरेश कुमार सिंह | सदस्य (वडा अध्यक्ष वडा नं. २) | |
| ५. | श्री अशोक कुमार अधिकारी | सदस्य (वडा अध्यक्ष वडा नं. ३) | |
| ६. | श्री चन्द्रभुषण मौवार | सदस्य (वडा अध्यक्ष वडा नं. ४) | |
| ७. | श्री हदिस अंसारी | सदस्य (वडा अध्यक्ष वडा नं. ५) | |
| ८. | श्री राम वहादुर साह तेली | सदस्य (वडा अध्यक्ष वडा नं. ६) | |
| ९. | श्री रामनाथ सहनी | सदस्य (वडा अध्यक्ष वडा नं. ७) | |
| १०. | श्री अजय कुमार सिंह | सदस्य (वडा अध्यक्ष वडा नं. ८) | |
| ११. | श्री शशिभुषण झा | सदस्य (वडा अध्यक्ष वडा नं. ९) | |
| १२. | श्री अरुण कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं. १०) | |
| १३. | श्री द्रौती देवी | सदस्य (महिला कार्यपालिका सदस्य) | |

CamScanner

| | | | |
|---|---|---|---|
| १४. | श्री अन्जु कुमारी सिंह | सदस्य (महिला कार्यपालिका सदस्य) | |
| १५. | श्री सिमि खातुन | सदस्य (महिला कार्यपालिका सदस्य) | |
| १६. | श्री जिवो कुमारी देवी | सदस्य (महिला कार्यपालिका सदस्य) | |
| १७. | श्री मन्जु देवी महरा | सदस्य (महिला कार्यपालिका सदस्य) | |
| १८. | श्री राम नरेश रजक | सदस्य (दलित वा अल्पसंख्यक का.स.) | |
| १९. | श्री अंगत कुमार मण्डल | सदस्य (दलित वा अल्पसंख्यक का.स.) | |
| २०. | श्री संजय कुमार लाल कर्ण | सदस्य (दलित वा अल्पसंख्यक का.स.) | |
| २१. | श्री राजेश कुमार शर्मा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| २२. | श्री श्यामदेव महासेठ | प्रशासन तथा योजना शाखा प्रमुख | |
| | | | |

CS CamScanner

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, सर्लाही
मधेश प्रदेश, नेपाल

<u>प्रस्तावहरु</u>

१. हिउँदे अधिवेशन (१३ औ नगर सभा) सम्वन्धमा ।

२. आवधिक योजनाको TOR स्विकृत सम्वन्धमा ।

३. श्री दुर्गा मा.वि. प्रस्तवना स्विकृत सम्वन्धमा ।

४. श्री दुर्गा क्याम्पसको प्रस्तवना स्विकृत सम्वन्धमा ।

५. स्थानिय तहमा कर्मचारीको तह मिलान सम्वन्धमा ।

६. विविध ।

<u>निर्णयहरु</u>

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस मनराशिसवा नगरपालिकाको आउँदो हिउँदे अधिवेशन (१३ औ नगर सभा) यहि मिति २०८१ पौस ६ गते शनिवार संचालन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस मनराशिसवा नगरपालिकाको आवधिक योजना तयार गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ को उपदफा (१) को खण्ड (क) मा भएको व्यवस्था वमोजिम उक्त कार्य परामर्श सेवा मार्फत गराउन योजना शाखावाट पेश भएको TOR सर्ब सम्मतीबाट स्विकृत गरियो ।साथै उक्त कार्यको लागी नगरसभावाट विनियोजित रकमको परिधि भित्र रही सार्वजनिक खरिद नियामावली २०६४ को नियम ७२ वमोजिम गुणस्तर तथा लागत विधि अनुसार सेवा प्रदायक छनौट गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी यथाशीघ्र प्रकिया अगाडी वढाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस मनराशिसवा नगरपालिका अन्तर्गत रहेको श्री दुर्गा मा.वि.ले पेश गरेको प्रस्तवना स्विकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस मनराशिसवा नगरपालिका अन्तर्गत रहेको श्री दुर्गा क्याम्पसले पेश गरेको प्रस्तवना स्विकृत गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मधेश प्रदेश सरकारको स्थानीय सेवा(गठन तथा संचालन) ऐन-२०८१ दफा ८ को उपदफा २२ मा व्यवस्था भए वमोजिम स्थानीय तहमा लोक सेवा आयोगवाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौं तहका कर्मचारीहरुलाई नियुक्ति मितिदेखि लागु हुने गरि अख्तियारवालाले सातौं तहमा तह मिलान गरिदिने भनि उल्लेख रहेको व्यहोराको आधारमा लोक सेवा आयोगवाट २०७६ सालमा सिफारिस भई यस कार्यालयमा अधिकृत छैठौं तहमा नियुक्ति भई कार्यरत रहेका ई. राकेश कुमार पाण्डेयलाई नियुक्ति मिति देखि लागु हुने गरि सातौं तहमा तह मिलान गर्ने निर्णय गरियो ।